# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, चैत २९ गते २०५७ साल (अतिरिक्ताङ्क ६६ (क)

## भाग ३

श्री ५ को सरकार

### शिक्षा तथा खेलकूद मन्त्रालयको सूचना

#### शिक्षा (सातौं संशोधन) नियमावली, २०५७

शिक्षा नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमहरूको नाम "शिक्षा (सातौं संशोधन) नियमावली, २०५७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षा नियमावली, २०४९ को नियम ८ मा संशोधनः शिक्षा नियमावली, २०४९ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ८ को,–

(१) उपनियम (४) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः–

"तर कुटनीतिक नियोगको सिफारिशमा विदेशी बालबालिकाहरूका लागि विद्यालय खोल्ने स्वीकृति दिन यस उपनियमले बाधा पुऱ्याएको मानिने छैन र त्यस्तो विद्यालयमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मन्त्रालयको स्वीकृति लिएर नेपाली बालबालिका पनि भर्ना गर्न सकिनेछ ।"

(२) उपनियम (५) मा रहेका "रू. २०००।– (दुई हजार)" भन्ने शब्दहरूको सट्टा "पच्चीस हजार रुपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

३. <u>मूल नियमावलीको नियम १२ मा संशोधनः</u> मूल नियमावलीको नियम १२ को उपनियम (१) को खण्ड (फ) को सट्टा देहायको खण्ड (फ) राखिएको छः–

"(फ) श्री ५ को सरकारको नीति अनुरुप जिल्लाभित्रका सार्वजनिक विद्यालयमा विद्यार्थी संख्या र विषयगत आधारमा मन्त्रालयले स्वीकृत गरे बमोजिम दरबन्दी निर्धारण गर्ने,"

४. <u>मूल नियमावलीको नियम १९ मा संशोधनः</u> मूल नियमावलीको नियम १९ को,–

(१) खण्ड (ट) मा रहेको "मन्त्रालयमा" भन्ने शब्दको सट्टा "राष्ट्रिय शिक्षक सेवा आयोगमा" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (ठ) झिकिएको छ ।

५. <u>मूल नियमावलीको नियम २० मा संशोधनः</u> मूल नियमावलीको नियम २० को,–

(१) खण्ड (ज) झिकिएको छ ।

(२) खण्ड (झ) मा रहेका "शिक्षक छनौट समितिबाट छनौट भई" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि" भन्ने शब्दहरू राखिएका छन् ।

(३) खण्ड (ण) को सट्टा देहायका खण्ड (ण) राखिएको छः–

"(ण) शिक्षकहरूको कामको मूल्याङ्कन गर्ने र त्यस्तो मूल्याङ्कन सम्बन्धी विवरण राष्ट्रिय शिक्षक सेवा आयोगमा पठाउने ।"

६. <u>मूल नियमावलीको परिच्छेद ७ को शीर्षकमा संशोधनः</u> मूल नियमावलीको परिच्छेद ७ को शीर्षकमा रहेका "शिक्षक छनौट समिति" भन्ने शब्दहरू झिकिएका छन् ।

७. <u>मूल नियमावलीको नियम २८ मा संशोधनः</u> मूल नियमावलीको नियम २८ को,–

(१) उपनियम (१) मा रहेका "प्राथमिक तह र" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उपनियम (६) मा रहेका "पाँच र" भन्ने शब्दहरू झिकिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मूल नियमावलीको नियम ३१ मा संशोधनः मूल नियमावलीको नियम ३१ को उपनियम (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"ग" महानिर्देशक, शिक्षा विभाग – सदस्य"

९. मूल नियमावलीको नियम ३७ मा संशोधनः मूल नियमावलीको नियम ३७ को खण्ड (ञ) मा रहेको "बढुवा" भन्ने शब्द झिकिएको छ ।

१०. मूल नियमावलीको नियम ३९ मा संशोधनः मूल नियमावलीको नियम ३९ को उपनियम (२) को खण्ड (घ) मा रहेका "दुई हजार रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "एक हजार रूपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म," भन्ने शब्दहरू राखिएका छन् ।

११. मूल नियमावलीको नियम ४३ मा संशोधनः मूल नियमावलीको नियम ४३ को सट्टा देहायको नियम ४३ राखिएको छः–

"४३ विभिन्न तह र श्रेणीको पदसंख्याः सार्वजनिक विद्यालयमा श्री ५ को सरकारबाट स्वीकृत भएको दरबन्दीको आधारमा जिल्लास्तरका प्रत्येक तहमा देहायका दरले पदसंख्या निर्धारण गरिनेछ :–

| जम्मा पदसंख्या | तृतीय श्रेणी | द्वितीय श्रेणी | प्रथम श्रेणी |
|---|---|---|---|
| ५ | ४ | १ | – |
| १० | ८ | २ | – |
| १५ | १२ | ३ | – |
| २० | १६ | ४ | – |
| २५ | २० | ५ | – |
| ३० | २४ | ६ | – |
| ३५ | २८ | ७ | – |
| ४० | ३२ | ८ | – |
| ४५ | ३६ | ९ | – |
| ५० | ४० | ९ | १ |

१२. मूल नियमावलीको नियम ४६ मा संशोधनः मूल नियमावलीको नियम ४६ को उपनियम (१) मा रहेका "नियम ४४ को उपनियम (१) बमोजिम" भन्ने शब्दहरू झिकिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
११८९

१३. मूल नियमावलीको नियम ४८ मा संशोधनः मूल नियमावलीको नियम ४८ को सट्टा देहायको नियम ४८ राखिएको छः–

"४८. शिक्षक नियुक्तः (१) राष्ट्रिय शिक्षक सेवा आयोगबाट नियुक्तिको लागि सिफारिश भएको उम्मेदवारलाई जिल्ला शिक्षा अधिकारीले सिफारिश प्राप्त भएको मितिले तीस दिनभित्र नियुक्ति दिनु पर्नेछ। त्यसरी नियुक्ति पाएको शिक्षकले नियुक्तिपत्र बुझेको मितिले तीस दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर हुनुपर्नेछ। सो म्यादभित्र हाजिर हुन नजाने उम्मेदवारको नियुक्तिपत्र स्वतः रद्द हुनेछ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र उम्मेदवारले नियुक्तिपत्र नबुझेमा वा बुझेर पनि म्यादभित्र हाजिर नभएमा निजको नाम योग्यताक्रम सूचीबाट हटाइने छ।

(३) उपनियम (१) बमोजिम नियुक्ति हुनु अगावै सम्बन्धित उम्मेदवारले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र अनुसूची – ३ बमोजिमको ढाँचामा निरोगिताको प्रमाणपत्र नियुक्त गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम दिइने नियुक्तिपत्रमा शिक्षकले पाउने तलब र अन्य सुविधा पाउने भए सो समेत खुलाउनु पर्नेछ।

(५) उपनियम (१) बमोजिम नियुक्तिपत्र दिएपछि त्यसरी नियुक्त शिक्षकलाई अनुसूची – ४ बमोजिमको ढाँचामा शपथ गराइ निजको फोटो र अन्य विवरण जिल्ला शिक्षा अधिकारीले एक प्रति आफ्नो कार्यालयमा राखी एक/एक प्रति विद्यालय शिक्षक किताबखाना र सम्बन्धित विद्यालयमा पठाउनु पर्नेछ।"

१४. मूल नियमावलीमा नियम ५६क. थपः मूल नियमावलीको नियम ५६ पछि देहायको नियम ५६क. थपिएको छ।

"५६क. काज सम्बन्धी अन्य व्यवस्थाः शिक्षकको पेशागत संस्था सम्बन्धी केन्द्रीय समितिका पदाधिकारीमा रहेका दुई जना शिक्षकलाई मन्त्रा–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लयले सो संस्थाको सिफारिशमा उक्त संस्थामा रही काम गर्नको लागि निजको सेवा अवधिभर तीन वर्ष र एक पटकमा एक वर्षमा नबढाई तलव भत्ता नपाउने गरी काज स्वीकृत गर्न सक्नेछ ।"

१५. मूल नियमावलीको नियम ५८ मा संशोधनः मूल नियमावलीको नियम ५८ को उपनियम (४) झिकिएको छ ।

१६. मूल नियमावलीको नियम ५९ मा संशोधनः मूल नियमावलीको नियम ५९ को,–

(१) उपनियम (२) मा रहेका "जिल्ला शिक्षक छनौट समितिको सिफारिशमा" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उपनियम (३क) मा रहेका "भएको भनी जिल्ला शिक्षक छनौट समितिबाट सिफारिश" भन्ने शब्दहरू झिकिएका छन् ।

१७. मूल नियमावलीको नियम ६१ मा संशोधनः मूल नियमावलीको नियम ६१ को,–

(१) शीर्षकमा रहेका "वा करारमा" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उपनियम (२) झिकिएको छ ।

(३) उपनियम (३) मा रहेका "उपनियम (१) र (२)" भन्ने शब्दहरूको सट्टा "उपनियम (१)" भन्ने शब्दहरू राखिएका छन् ।

१८. मूल नियमावलीको नियम ६९ मा संशोधनः मूल नियमावलीको नियम ६९ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (२) मा रहेका "असमर्थ भएका" भन्ने शब्दहरूको सट्टा "असमर्थ भएको भनी श्री ५ को सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिश गरेको" भन्ने शब्दहरू राखिएका छन् ।

१९. मूल नियमावलीको नियम ६९ख. मा संशोधनः मूल नियमावलीको नियम ६९ ख. मा रहेका "मासिक निवृत्तिभरण रकमको आधा रकम" भन्ने शब्दहरूको सट्टा "एक महिनाको निवृत्तिभरण बराबरको रकम" भन्ने शब्दहरू राखिएका छन् ।

२०. मूल नियमावलीको नियम ९६ मा संशोधनः मूल नियमावलीको नियम ९६ को उपनियम (१) को,–

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) सचिव, मन्त्रालय –अध्यक्ष"

(२) खण्ड (ख) झिकिएको छ ।



११६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः–

"(घ१) शिक्षा विभागको तालिम शाखा हेर्ने निर्देशक –सदस्य"

(४) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः–

"(छ) उप-सचिव, विद्यालय प्रशासन शाखा, मन्त्रालय –सदस्य सचिव"

२१. मूल नियमावलीको नियम १०८ मा संशोधनः मूल नियमावलीको नियम १०८ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) विद्यालयहरूको शैक्षिक सत्र वैशाख एक गतेबाट प्रारम्भ भई चैत्र मसान्तसम्म कायम रहनेछ।"

तर यो नियम प्रारम्भ भएपछिको पहिलो शैक्षिक सत्र जेठ १ गतेबाट प्रारम्भ भई चैत्र मसान्तसम्म कायम रहनेछ।"

२२. मूल नियमावलीको नियम १४४ मा संशोधनः मूल नियमावलीको नियम १४४ को सट्टा देहायको नियम १४४ राखिएको छ :–

"१४४. कार्य सम्पादन फाराम पठाउनेः सम्बन्धित अधिकारीले शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फाराम राष्ट्रिय शिक्षक सेवा आयोगमा पठाउनु पर्नेछ।"

२३. मूल नियमावलीको अनुसूची–६ मा संशोधनः मूल नियमावलीको अनुसूची–६ को सट्टा देहायको अनुसूची–६ राखिएको छः–

"अनुसूची–६

(नियम ५९(४) संग सम्बन्धित)

विद्यालयका प्रधान अध्यापकले देहाय बमोजिमको मासिक भत्ता पाउने छन् :–

(क) प्राथमिक तह –रू. १००।–

(ख) निम्न माध्यमिक तह –रू. १५०।–

(ग) माध्यमिक तह –रू. २००।–"

२४. रूपान्तरः मूल नियमावलीको ठाउँ-ठाउँमा रहेका "शिक्षा मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा तथा खेलकूद मन्त्रालय" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ।

आज्ञाले,

सुन्दरप्रसाद श्रेष्ठ

श्री ५ को सरकारको निमित्त सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।